# सामलिङ्ग पावर कम्पनी लिमिटेडको

## चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२८ गते**

यस सामलिङ्ग पावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७९/०८/२१ (तदनुसार ७ डिसेम्बर, २०२२) गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा–६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान** :

मिति : २०७९ साल पौष २१ गते विहिबार (तदनुसार ५ जनवरी, २०२३)

समय : बिहान ११ बजे, उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि नै खुल्ला राखिने छ।

स्थान : ज्वागल ब्याङ्केट, ललितपुर।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु** :

**क) सामान्य प्रस्तावः**

१) आ.व. २०७८/०७९ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

२) आ.व. २०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख) विशेष प्रस्तावः**

१) आयोजनाको अन्तिम लागत र सो लागत बमोजिमको बैंकको ऋण लगानी रकम अनुमोदन गर्ने सम्बन्धमा।

२) कम्पनीको मिति २०७९/०२/१६ मा गठित ७ सदस्यीय संचालक समितिको अनुमोदन तथा बाँकी कार्य अवधिको लागि स्वीकृती दिने सम्बन्धमा।

३) कम्पनीको हाल कायम रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी नयाँ ठेगाना कायम गर्न प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा।

४) माथि विशेष प्रस्ताव (३) को प्रस्तावित संशोधनमा नियमकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने।

**ग) विविध।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

Samling Power Company Ltd

सानेपा - २, ललितपुर, नेपाल
फोन नं.: ०१-५५३०१३५, ५५२५२२८